पञ्ञा नरानं रतन

परियत्ति
बुलेटीन PARIYATTI BULLETIN

सुत्तन्तेसु असन्तेसु,
पमुट्ठे विनयम्हि च ।
तमो भविस्सति लोको,
सुरिये अत्थङ्गते यथा ॥
सुत्तन्ते रक्खिते सन्ते,
पटिपत्ति होति रक्खिता ।
पटिपत्तियं ठितो धीरो,
योगक्खेमा न धंसति ॥

अ.ने.भि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

# परियत्ति
PARIYATTI BULLETIN बुलेटीन

अर्थ – सूत्र रहेन भने र विनय नष्ट भयो भने यो लोक त्यस्तै प्रकारले अन्धकारपूर्ण हुन्छ, जसरी सूर्य अस्ताउँदा हुन्छ । सूत्र रक्षा भइरह्यो भने प्रतिपत्ति रक्षा हुन्छ, प्रतिपत्तिमा स्थिर भइरहने धीर पण्डित योगक्षेम निर्वाण प्राप्त गर्नमा विमुख हुँदैन । मनोरथपूरणी (अं.नि. अट्ठकथा)

अंक–८ | बु.सं. २५५३ | बि.सं. २०६६ जेष्ठ | ने.सं. ११२९ | ई.सं. २००९


## नेपाल बौद्ध परियत्ति शिक्षाको वर्तमान स्थिति

बुद्ध शासनमा परियत्ति, प्रतिपत्ति र प्रतिवेध गरी ३ भागमा विभाजित शासन मध्ये त्रिपिटक परियत्ति शासन हो । परियत्ति भनेको बुद्धवचन त्रिपिटकको अध्ययन अध्यापन गर्नुपर्ने सैद्धान्तिक पक्ष हो भने प्रतिपत्ति भनेको व्यवहारिक प्रयोगात्मक पक्ष हो अनि प्रतिवेध शुद्धधर्मको अभ्यासबाट प्राप्तहुने मार्गफल र निवार्ण हो । परियत्ति शासन भएन भने प्रतिपत्ति शासन हुँदैन त्यस्तै प्रतिपत्ति शासन भएन भने प्रतिवेध शासन हुँदैन । त्यसो भएर नै बुद्धशासनको आधारशीला भइरहेको परियत्तिलाई सुरक्षित गरी राख्न जरूरी छ ।

बुद्ध शिक्षालाई बाल्यकालदेखि नै जनमानसमा फैलाउनका लागि श्रद्धेय संघनायक भिक्षु बुद्धघोष महास्थविरको नेतृत्वमा अनागारिका सुशीला र धर्मरत्न शाक्य त्रिशूलीको सकियतामा यस नेपाल बौद्ध परियत्ति शिक्षाको स्थापना वि. सं. २०२० सालमा भएको हामी सबैलाई अवगत नै छ । स्थापनाकालदेखि नै बुद्धशिक्षा अझ मजबुत र सबल पार्न यसले खेलेको भूमिका हामीबाट विलिप्त हुन सक्दैन । बुद्धधर्मको अध्ययन-अध्यापन, प्रचारप्रसार साथै नैतिक शिक्षालाई जोड दिंदै नेपाल बौद्ध परियत्ति शिक्षा अगाडि बढ्दै गइरहेको छ ।

हामीले यस शिक्षालाई सर्वोच्चतातर्फ लान आपसमा सल्लाह, सुझाव र छलफलको जरूरी छ । न कि आफ्नो सिमित स्वार्थ र पूर्वाग्रहको फोहरी भूमरीमा फस्नु । यही उद्देश्यलाई हृदयङ्गम गरी यो शिक्षा अनवरत रूपमा विना पारिश्रमिक यथाश्रद्धा अनुरूप चलिदै आएकोमा हामी धर्मप्रीति उत्पत्ति नगरी बस्न सक्दैनौ ।

यस वर्ष परियत्ति शिक्षाको प्रारम्भिक प्रथम वर्षदेखि कोविद अन्तिम वर्षसम्मको परीक्षा माघ ४ गतेदेखि माघ २६ गतेसम्म सम्पन्न भई यस ४६ औ समूहको परीक्षाको परीक्षा परिणाम २०६५ साल चैत्र १६ गते अघिल्ला वर्षहरूमा झै सन्ध्या टाइम्समा प्रकाशित भएको थियो । यसरी राष्ट्रिय दैनिकमा प्रकाशित गरिनाले परियत्ति शिक्षाका विद्यार्थीहरूको हौसला अझ बढेको तथा जनमानसमा परियत्ति शिक्षाप्रति अभिरूची बढ्दै गएको महशूस हामीले गरेका छौ ।



भिक्षु वोधिज्ञान
केन्द्रीय परीक्षा नियन्त्रक

ए उ ट ा कोठे कक्षाबाट शुरू भएको यस परियत्ति शिक्षा हालसम्ममा आएर यस शैक्षिक सत्रमा तथ्याङ्क अनुसार प्रा. प्रथम वर्षदेखि कोविद अन्तिम वर्षसम्ममा काठमाडौंको २०, ललितपुरको १९, भक्तपुरको २, काभ्रेको २, गुल्मीको २, पोखरा, पाल्पा, धरान, त्रिशूली, अर्घाखाँची, झापा, कपिलवस्तु, लुम्बिनी, बुटवलको १-१ वटा केन्द्र गरी जम्मा ५४ वटा परीक्षा केन्द्रमा गरी कूल ३०६९ जना

*बाँकी पेज नं. ८मा*

## परियत्ति प्रतिज्ञा

नेपाल बौद्ध परियत्ति शिक्षा अध्ययन गरी मैले भगवान् बुद्धको उपदेशहरू सिक्ने मौका पाएँ । यसको लागि अखिल नेपाल भिक्षु महासंघप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । नेपाल बौद्ध परियत्ति शिक्षाबाट प्राप्त ज्ञानलाई मैले आफ्नो मन, वचन र कर्मले पालन गर्नेछु । मैले यो ज्ञान मेरो परिवार र समुदायलाई पनि सिकाउनेछु । यसरी नै परियत्ति शिक्षाको विद्यार्थी भएको नाताले बुद्धधर्मको विकास र संरक्षणमा सदा संलग्न भई सक्दो योगदान दिने कार्यमा निरन्तर लाग्नेछु ।

अ.ने.भि. महासंघ द्वारा संचालित
नेपाल बौद्ध परियत्ति शिक्षा
स्थापित बु.सं. २५०७

सम्पादक
**भिक्षु बोधिज्ञान**

प्रबन्ध सम्पादक
**त्रिरत्न मानन्धर**

सह-सम्पादक
**भिक्षु जनक**

विशेष सहयोगी
**मन्दिप महर्जन**

कम्प्यूटर सेटिङ्ग
**दीपक महर्जन**

सहयोगी
**श्रामणेर उत्तरो**

यस परियत्ति बुलेटीन प्रकाशनार्थ सहयोग गरिदिनु भई परियत्ति शिक्षाप्रति माया र सद्भाव राख्नुहुन विनम्र अनुरोध गरिन्छ ।

सम्पर्क सचिवालय
**विश्व शान्ति विहार**
मीनभवन, काठमाडौं
फोन/फ्याक्स्. ४४८२२५०
P.O.Box : 8973 NPC 327
E-mail : vishwa@ntc.net.np
www.nepalpariyatti.com

# बुद्ध शिक्षाको अपरिहार्यता

*सम्पादकीय*

शान्तिनायक भगवान बुद्ध नेपालमा जन्मनुभयो । ३५ वर्षको उमेरमा उहाँले बुद्धत्व प्राप्तिको रूपमा जुन सत्य अवबोध गर्नुभएको थियो । त्यसको उद्देश्य सर्वसत्व प्राणीहरूको हित र सुख थियो । त्यसको लागि उहाँ ४५ वर्षसम्म अनवरत रूपमा धर्मप्रचारमा लाग्नुभयो । विश्वमा हुने विभिन्न किसिमका अशान्तिलाई बुद्धको सन्देश फिजाएर शान्तिमा परिणत गनसक्ने कुरामा आजकालका विज्ञहरू एकमत छन् । बुद्धका शान्ति सन्देश यसरी विश्वका कुनाकाप्चाका मानिसहरूले अनुशरण गरेर शान्ति ल्याउन सक्ने कुरामा विश्वस्त छन् ।

तर विडम्बनाको रूपमा भन्नुपरिरहेको छ कि आज बुद्धको शान्तिसन्देशको अभाव बुद्ध जन्मभूमि नेपालमा गम्भीर रूपमा भईरहेको छ । किनभने एक ताका शान्तिभूमि भनेर चिनिएको नेपालमा आज जताततै अशान्तिको वातावरण श्रृजना भईरहेको छन् । हत्या, हिंसा अपहरण, बलजफ्ति जस्ता अपराधहरू दिनानुदिन बढिरहेको छ । केही दशक अगाडी कल्पनासम्म गर्न नसकिने अमानवीय कियाकलापहरू अहिलेको सामान्य समाचार बनिरहेको छ । मानिसहरू आशंका र भयको वातावरणमा बाँच्न बाध्य भईरहेको छ ।

हालसालै तराईको एक जिल्लामा गाउँलेहरूले पटक पटक मानिसहरूलाई जिउँदै जलाउने कार्य भयो । यसको कारण बुझ्दा त्यहाँ सा-साना बालबालिकाहरूलाई अपहरण गरेर उनीहरूको शरीरको अंगप्रत्यंग निकालेर बेच्ने गिरोह सकिय भईरहेको आशंकाको भरमा अपरिचितहरूलाई देख्नासाथ उनीहरूलाई सजाय दिने उद्देश्यले त्यस्ता जघन्य अपराध गरेको कुरा प्रकाशमा आएको थियो । त्यस्ता गिरोहहरूको आशंकामा जिउँदै जलाउनबाट उम्कन सफल मानिसहरूसँग सोधपुछ र अनुसन्धान गर्दा उनीहरू मानसिक रूपले विक्षिप्त भएकाहरू र कवाडी सामान बटुल्नेहरू भएको कुरा प्रकाशमा आयो । यसरी शंकैशंकामा त्यो पनि एक व्यक्ति मात्र नभई समुदाय नै अमानवीय क्रियाकलापमा लागिपरेको यस घटनाले मानिसहरू कति संवेदन शून्य भएर गईसकेको कुरा पुष्टि भएको छ । अपराधी भए त्यसलाई समातेर कारवाही चलाउनु पर्नेमा आफैले नै कानुन हातमा लिएर गरेको यस घटनाले मध्ययुगीन बर्बरतालाई बिर्साएको भान पर्दछ । त्यस्तै हालसालै मात्र धार्मिकस्थलको रूपमा रहेको चर्चमा निर्दोष अनुयायीहरूलाई मार्ने हिसाबले बम विस्फोट गराई दुई जना निर्दोष व्यक्तिहरूको अकालमा ज्यान लिने काम भयो ।


यस्ता थुप्रै अपराधका घटनाहरू दिनानुदिन वृद्धि भईरहेकोमा केहि राजनैतिक व्यक्तिहरूले नेपाल भर्खर निरंकुश राजतन्त्रबाट मुक्त भएर लोकतन्त्रमा पदार्पण भएको र यो संकमणकालमा स्वाभाविक रूपले घट्ने घटनाको रूपमा लिनुपर्ने जिकिर गर्दैछन् । तर संकमणकालको नाउँमा त्यत्रो समयसम्म पनि यस्ता विसंगतिका घटनाहरू कम नहुनु बरू अझ थप जटिल किसिमका घटनाहरू बढ्दै जानुलाई कुनै पनि हालतमा सहज रूपमा लिन सकिदैन । यस्तै किसिमका कियाकलापहरूलाई अहिले नै निमित्यान्न पार्न नसकेमा नेपालको भविष्य बडो कष्टकर हुने कुरामा दुईमत हुनसक्दैन । अझ राजनीतिक संकमणबाट बढेको अपराधिक घटनाकमले अब विभिन्न सामाजिक तथा धार्मिक क्षेत्रमा पनि अराजक मच्चिने संकेत यी विभिन्न घटनाहरूले दिइरहेका छन् । संसारलाई प्रकाश दिने व्यक्तिको देशमा भइरहेको यस्ता विसंगतिका क्रियाकलापहरूले नेपाललाई बुद्ध जन्मभूमि भनेर भन्न पनि लाज मर्दो भईसकेको छ ।


यस्तो अवस्थाबाट गुजिरहेको देशमा फेरी केही तथाकथित नेताहरूबाट प्रत्येक बालिगहरूलाई सैन्य तालिम दिनु पर्ने अनिवार्य आवश्यकताको कुरा उचालिरहेको देख्दा धेरैलाई आश्चर्य लागेको छ र यस्ता शैन्य सोचले देशको भविष्य के हुने हो भनेर सोच्न बाध्य पारेको छ । शैन्य तालिम विना नै हदैसम्मको निर्ममता प्रदर्शन गर्न सक्ने अपराधी प्रवृत्तिका मानिसहरूलाई हातहतियारले सुसज्जित पार्ने र त्यसलाई संचालन गर्ने तरीका सिकाएर देशलाई कुन दिशातिर दोऱ्याउन खोजिरहेको छ, बुझ्न नसकनु छ ।


यस्ता विसंगतिका कुराहरू भइरहेको र गरिरहेको यो अवस्थालाई दियोको तल अँध्यारो भइरहेको अवस्थाको रूपमा लिएर प्रत्येक सचेत नागरिकहरूले शास्वत शान्तिको लागि आवश्यक बुद्धले सिकाउनुभएको शिक्षाबाट जनमानसलाई जागृत पार्नु अपरिहार्य भैसकेको छ । मैत्री करूणा, मुदिता र समताजस्ता व्यावहारिक शिक्षाको हाल अत्यन्तै अभाव भइरहेको देशमा भईरहेको विभिन्न द्वन्दहरूको निराकरणको लागि बुद्धका सन्देशहरू प्रत्येक मानिसको हृदयमा प्रतिस्थापन गर्नुको विकल्प नभएको कुरा दिनको घाम झैं छर्लङ्ग भइसकेकोले यसको लागि सम्पुर्ण नेपालीहरू विना पुर्वाग्रह अगाडी बढ्नुपर्ने कुरा अहिलेको समयका माग भन्दा अत्युक्ति नहोला ।


***

# बु.सं. २५५२ को परीक्षा परिणामका सचित्र तथ्यांकहरू






'सब्ब दानं धम्म दानं जिनाति'

## साधुवाद ज्ञापन



दिवंगत पिता कुलरत्न तुलाधर र माता चिनिमाया तुलाधरको पुण्यस्मृतिमा उहाँहरुको निर्वाण कामनार्थ चित्राशोभा तुलाधर, सपरिवार, तीनधारा, कुलरत्न मार्गबाट यस अंक प्रकाशन गर्नको लागि प्रायोजन गरिदिनु भएको हो । उहाँहरुलाई नेपाल बौद्ध परियत्ति शिक्षा साधुवाद ब्यक्त गर्दछ ।

# ने.बौ.प.शि.को वार्षिक सभाका सदस्यहरू तथा दाताहरू

## अति विशिष्ट सदस्यहरू

द्रव्यमान सिंह तुलाधर
केशरी लक्ष्मी कंसाकार
श्री पद्मज्योति
आचार्य भिक्षु कुमारकाश्यप धार्मिक कोष

## विशिष्ट सदस्यहरू (१0,000/-)

केशरी लक्ष्मी मानन्धर
ठाकुरमान शाक्य
भक्तिदास श्रेष्ठ
कमला शाक्य
नानीहिरा कंसाकार
दान लक्ष्मी कंसाकार
पूर्णमान शाक्य
केशरमान बज्राचार्य
त्रिभुवन धर तुलाधर
प्रल्हाद कृष्ण मानन्धर
विजय बज्राचार्य
प्रभावती स्थापित
रीना तुलाधर
प्रेमसुन्दर तुलाधर
शरणलक्ष्मी कंसाकार
गिरीधर मानन्धर
ललितवीर सिंह
रत्नमान शाक्य
पूर्णसिद्धि बज्राचार्य
मनोहरादेवी शाक्य
जीतबहादुर बज्राचार्य
नरेश रत्न बज्राचार्य
मोतिलाल शिल्पकार
प्रमिता शाक्य
दिव्यलक्ष्मी श्रेष्ठ
अ. धम्मवती
रत्नमाया शाक्य
चन्द्रदेवी शाक्य
दयालक्ष्मी खड्गी
शान्तिदेवी कंसाकार
जीवरत्न स्थापित (गुल्पादाता)
रेणुका मानन्धर
भिक्षु कोण्डन्य
बुद्ध विहार संरक्षण समिति
सुनकेशरी श्रेष्ठ
केशरी लक्ष्मी मानन्धर
राजेश श्रेष्ठ
रत्नकेशरी शाक्य
मानिक लक्ष्मी शाक्य
मंगली शाक्य
मनिष, भरत, राम, रूप
कुमार खड्गी
रत्नेश्वरी शाक्य
ओम प्रकाश रूंगटा
चन्द्रमाया मानन्धर
चम्पा महर्जन
पद्मा श्रेष्ठ

## असाधारण सदस्यहरू

श्रीमती मीरा ज्योति
अ. अनुपमा
शकुन्तला प्रधान
हरि महर्जन
प्रकाश बहादुर मानन्धर
मनोहरा शाक्य

## यस वर्ष वार्षिक रू. १२0/- दिइ सहयोग गर्नुहुने अनागारिका गुरुमांहरू

| | | | | | |
|---|---|---|---|---|---|
| सुमित्रा | अमरावती | पलिताञाणी | पभावती | पटाचारा | पद्मावती, मुनि विहार |
| निक्खमी | धम्मचारी | पदुमाञाणी | भावनावती | विरोशनी | श्रद्धाशीला |
| अभया | मासुखी | अनग्घञाणी | वण्णवती | पद्मावती | ञाणशीला |
| चन्द्रशीला,यल | माकृषा | शान्तिमंगला | शान्तिवती | सुपभावती | सत्यशीला |
| विजिता | विशुद्धाञाणी | गुणावती | चम्पावती | क्षान्तिवती | शीलवती |
| शीलाचारी | सुभा | अनुला | जयवती | माशोभा | ञाणवती |
| धर्मरक्षीता | खेमा | अतुला | खेमावती | अमता | यशवती |
| मुदिता | सुधम्मा | धम्मञाणी | केशावती | ओभासावती | धरणी |
| श्रद्धावती | सुधावती | धम्मधज | जिनवती | रम्मावती | वजिरा |
| चन्द्रशीला,बलम्बु | सोणावती | सति | उमावती | इन्द्रावती | सुष्मा |
| अग्गञाणी | सुजनावती | नन्दाथेरी | तेजावती | नन्दावती | चिनी |
| चारुणाणी | उत्तरावती | स्मृति | विवेकानन्दी | खमेसी | अनोजा |
| वीर्य पारमी | विनितावती | सुमेधावती | माश्रद्धा | त्यागवती | संघवती |
| श्यामावती | हेमवती | सुचिता | क्षान्ति गौतमी | दानवती | सुजाता |
| मिना | विमलानन्दी | करुणावती | शील गौतमी | अनु | निलुत्पल |
| निर्मलञाणी | सुमनावती | सुवण्णवती | मासुधा | पञ्ञावती | जिनवती नरसिंहाराम |
| चित्तावती | पमिताञाणी | ध्यानवती | अनुपमा | | |

# परियत्ति परीक्षाका लागि अर्घाखाँची जाँदा.....

भिक्षु उदयभद्र
विश्व शान्ति विहार

अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित नेपाल बौद्ध परियत्ति शिक्षाको वार्षिक परीक्षाको लागि सुपरिवेक्षकको रूपमा मैले अर्घाखाँची सिमाना जोडिएको जिल्ला र म आफू गुल्मी जिल्ला निवासी भएतापनि अर्घाखाँची जाने मौका जुरेको थिएन । अर्घाखाँची यात्राको लागि नेपाल बौद्ध परियत्ति शिक्षाका केन्द्रीय परीक्षा नियन्त्रक श्रद्धेय भिक्षु बोधिज्ञान भन्तेले म र श्रामणेर यसवन्तोलाई जाने मौका दिनुभयो । अपरिचित ठाउँ भएकोले यात्रा कठिन नै थियो ।

काठमाडौंबाट हामी दुईजना अर्घाखाँची यात्रालाई सुलभ बनाउनको लागि बुटवलका दाताहरूको सहयोग लिन एक रात बुटवलको पद्मचैत्य विहारमा बस्ने निधो गर्‍यौं र २०६५ माघ २ गते यात्रा शुरू गरें । हामीहरू विहारमा पुग्दा गुरूमाँहरूले बडो आदरभावका साथ एकरात आनन्दपूर्वक बस्ने व्यवस्था गुर्नभयो । बुटवलमा पुग्नासाथ सहयोगी दाता विमलबहादुर शाक्यसँग सम्पर्क गरें । विहारमा गुरूमाँहरूसँग आफू नपुगेको अर्घाखाँचीको विषयका बारेमा कुराकानी भयो, जिज्ञासापूर्वक छलफल गरियो । केही समयपछि दाताजी तुरून्तै विहारमा आइपुग्नुभयो, आदर गर्नुभयो । वहाँसँग भेट हुँदा मलाई पनि धेरै नै खुसी लाग्यो । यत्तिकैमा वहाँसँग पनि अर्घाखाँचीकै विषयमा कुराकानी भयो । "कामकाज एकातिर कुम्लो बोकी ठिमीतिर" भनेजस्तै मेरो चिन्ता अर्घाखाँची कसरी पुग्ने भन्नेमैं घुमिरहेको थियो भने विमलजीको चिन्ता भने मेरोभन्दा फरक थियो । वहाँले बुटवल विहारमा बस्ने भन्ते नभएको चिन्ताको विषयमा कुराकानी गर्नुभयो । कुरैकुरामा वहाँले चिन्ता नलिनुस् भन्ते म तपाइको लागि त्यहाँसम्म गाडीको व्यवस्था मिलाइदिनेछु भनेर भन्नुभयो । त्यो रात मेरो लागि सुखमय नै भायो ।

अर्कोदिन विहान गुरूमाँहरूले बडो आदरका साथ जलपान गराउनुभयो । त्यसपछि हामी विमलजीसँग् गाडीको खोजीमा लाग्यौं । विमलजीको सहयोगले बसपार्क पुग्नासाथ अर्घाखाँची जाने जिपको टिकट पायौं । उपासकको धर्म पालनसँगै हामीलाई बाटोमा कुनै समस्या नहोस् भनेर विमलजीले पानी, फलफूल, बिस्कुट र श्रामणेरको लागि बान्ता नआउने ओषधि दान गर्नुभयो । बुटवलबाट विमलजीसँग बिदा हुँदै साढे आठ बजे अर्घाखाँचीको यात्रा सुरू गर्‍यौं । यात्राको क्रममा तराइको फाँटहरूमा गहुँ खेती, तोरी खेती रमाइला दृश्यहरूको अवलोकन गर्दागर्दै एक बाटो हुँदै अर्को बाटोलाई छोड्दै हामी गोरूसिंगे पुग्यौं । जब कि त्यत्तिको लामो बाटो भएपनि सँगै बसमा बसेको कोही यात्रुहरूसँग कुराकानी नै भएन । गोरूसिंगेमा गाडी रोकपछि एक यात्रुले बडो उत्सुकताका साथ प्रश्न गर्नुभयो- कि तपाईलाई नेपाली कुरा गर्न आउँछ ? म पनि अलि हाँस्दै प्रश्नको जवाफमा म नेपाली नै हुँ भन्दा वहाँ अचम्म हुनुभयो । यसपछि भने जब बल्ल मलाई यात्रुहरूसँग धर्मको कुरा छलफल गर्ने बाटो खुल्यो । यत्तिकेमा अर्को यात्रुले तपाइहरू कहाँबाट आउनुभएको र कहाँसम्म पुग्नुहुन्छ ? भनेर सोध्नुभयो । मैले पनि परियत्तिको विषयलाई आधार लिई सन्धिखर्कसम्म जाने हो भनी जवाफ दिएँ । यात्रुले फेरि - तपाईंको सन्धिखर्कमा कोसँग सम्पर्क छ ? भन्ने कुरा अघि सार्नुभयो । मैले पनि मोतिलाल खनाल हुनुहुन्छ, उहाँसँग भेटघाट गर्नुछ भनेर भने । मैले मोतिलाल खनालको नाम लिनेबित्तिकै उहाँले हिमबहादुर जिस (लेकाली) को नाम पनि लिनुभयो । अँ... वहाँहरू त तपश्वी साधकहरू हुनुहुन्छ । जिपमा धेरै नै कुराकानी गरे तापनि वहाँ को हुनुहुन्छ भन्ने थाहा थिएन पछि सन्धिखर्कमा पुग्दा वहाँ त एक विज्ञान पढाउने प्रोफेसर हुनुहुन्छ भन्ने थाहा पाएँ । फेरि अर्को यात्रुले तपाईको बुद्धधर्मले के शिक्षा दिन्छ ? भनी सोधेको उत्तरमा कुनै किसिमको पाप नगर्नु, राम्रो काम गर्नु र चित्तलाई शुद्ध गर्नु भन्ने शिक्षा सिकाउँछ भनी भने । तपाईको धर्म भनेर नभन्नुस् यो चाहिँ धर्मको नियम हो र सबैमा लागू हुन्छ, भनी भन्दा उहाँ सान्है आकर्षित भएको दखियो ।

त्यसो त मेरो कुरालाई गाडीका साहुले पनि स्वीकार गर्नुभयो । अब हाम्रो यात्रा गोरूसिंगेबाट सन्धिखर्कतिर हुँइकियो । जिपमा यात्रा गर्दाखेरि वरीपरी हरियाली धेरै राम्रा राम्रा रूखहरू, खोल्सा, खोला, नाला, वनका बीचबीचमा रहेका गाउँहरू हेर्दै अगाडि बढें । बीच बाटोमा भोजनको समय भएकोले एउटा होटलमा भोजन गर्‍यौं । सन्धिखर्क पुग्नु अगाडि देउराली भन्ने ठाउँमा एउटा मन्दिरमा बोकाहरूलाई बलि दिएको देख्दा निर्दोष बोकाहरूमाथि दया र करूणा दर्शाउने अरू केही साधन थिएन । यत्तिसम्म आईपुग्दा अब सन्धिखर्क आइपुग्न धेरै समय पनि लाग्दैन थियो । त्यसबेला नौलो ठाउँमा पुग्ने हुनाले मनमा धेरै नै खुल्दुल मच्चिरहेको थियो । मोतिलाल खनालजीको घरसम्म पुग्नको लागि अघिका एक विज्ञान प्रोफेसरको सहायता लिनेबाहेक अरू केही थिएन । आफू सन्धिखर्कबाट अगाडि जाने भएतापनि हाम्रो सहयोगका लागि त्यहीं ओर्लेर मोतिलाल खनालजीको घरसम्म पुऱ्याइदिनुभयो । सन्धिखर्कमा पहिले भिक्षु, श्रामणेरहरू नपुगेको हुनाले एकजना बालिकाले विष्णुमाया खनाललाई टि.भी. मा आउने मान्छेहरू आएका छन् भनेर हाम्रो परिचय दिएको कुरा उपासिकाबाट थाहा भयो र मलाई पनि धेरै खुसी लाग्यो कि अर्घाखाँची सन्धिखर्क पुग्ने

पहिलो भिक्षु म नै रहेछु र श्रामणेरमा यसवन्तो ।

मोतिलाल खनालजी घरमा नभएतापनि विष्णुमाया खनाल उपासिकाले हाम्रो लागि धेरै सहयोग गर्नुभयो । परियत्ति शिक्षामा श्रद्धा राख्ने बाबुराम पौडेल र हिमबहादुर जिसीको सहयोगलाई पनि म बिर्सन सक्दिन । फेरि विष्णुमाया खनालले आफूले ३ कक्षाको परीक्षा दिने विद्यार्थी भएतापनि एकातिर पढ्नु, अर्कोतिर भन्तेहरूलाई जलपान, भोजनको व्यवस्था गर्नु । वहाँको श्रद्धा सधैं अविस्मरणीय रहने छ । भोजन दाता लोकबहादुर दम्पत्तिको पनि श्रद्धा त्यस्तै छ । २०६५ साल माघ ४ गतेबाट ६ गतेसम्म परीक्षा दिने विद्यार्थीहरूमा ६५ वर्षदेखि ११ वर्षसम्मका विद्यार्थीहरूले परियत्ति शिक्षाको परीक्षा दिएका थिए । अन्तिम दिनको भोजन सुबदार, खुमलाल शर्मा (K.L. शर्मा) जीको घरमा बडो श्रद्धाका साथ भोजन दान दिनुभयो । यसैगरी एकजना विद्यार्थी भाई विनोद अधिकारीको रहन सहनलाई देख्दा म धेरै प्रभावित भएको थिएँ । अरू जो सबैले सहयोग, श्रद्धा टकराउनुभयो, वहाँहरूको कृतज्ञ गुणलाई पनि म बिर्सन सक्दिन । सम्बन्धित सबै साधुवादका पात्र हुन्, सबैलाई मैत्री कामना छ ।

अर्घाखाँचीको विषयमा जति लेखेपनि अपूर्व नै रहने छ ।

***

अन्तर्वार्ता

## सरकारी मान्यता दिन पहल गर्नुपर्छ

(यस सालको परियत्ति सद्धम्म कोविद उपाधिको परीक्षामा सर्वोत्कृष्ट हुन सफल भएकी अनागारिका खेमा आमा सुकुबोल तथा बुबा बुद्धरत्न महर्जनका सुपुत्रीका रूपमा कीर्तिपुरको नंगाःमा जन्मेकी हुन् । वहाँ सरकारी शिक्षामा MA (Psychology) मा अध्ययनरत हुनुहुन्छ । वहाँ हाल विश्वशान्ति विहारमा बस्नुहुन्छ । प्रस्तुत छ उहाँसँग भिक्षु जनकले गरेका संवादका केही अंश :-



अनागारिका खेमा

**१. परियत्ति सद्धम्म कोविद परिक्षामा बोर्ड प्रथम हुनु भएको छ, कस्तो महशुस भईरहेको छ ?**

- अध्ययन अनुरूप फल पाएकोमा खुशी भएकी छु ।

**२. तपाई यसरी सफल हुनुको कारण ?**

- मिहेनत र परिश्रम नै सफल हुनुको कारण हो । त्यस्तै शिक्षकशिक्षिकाको प्रोत्साहनले गर्दा अध्ययन गर्न उत्साहित लगनशील हुन प्रेरणा पाएकोमा पनि हो । साथीहरूबाट सहयोग र हौसला मिलेको छ ।

**३) बौद्ध परियत्ति शिक्षाले तपाईको आफ्नो व्यक्तित्व निर्माणमा कस्तो भूमिका खेलेको छ जस्तो लाग्छ ?**

- जस्तो सुकै कठिन परिस्थितिमा पनि डटेर लड्ने क्षमता बढाउँछ र आफूलाई सतर्कता बनाउन मद्दत गर्दछ । त्यस्तै धैर्य धारण गर्न सक्ने, व्यवहारिक ज्ञानको विकास जस्तो आवश्यक पक्ष सही निर्माण भएको छ ।

**४) परियत्ति शिक्षा र अन्य सरकारी शिक्षामा के भिन्नता पाउनुभएको छ ?**

- शिक्षा मानिसको आवश्यकता हो । जीवनको सबल र अभिन्न पक्ष हो । सरकारी शिक्षामा नैतिक ज्ञानको अभाव छ विशेष गरेर पेशा अपनाउनको लागि मात्र यस शिक्षालाई जोड दिएको पाइन्छ । त्यस्तै परियत्ति शिक्षा व्यवहारिक शिक्षा हो, नैतिक शिक्षा हो । मानिस स्वयम्मा राम्रो चरित्र निर्माण गर्ने जीवनलाई सही रूपमा निर्वाह गर्ने जस्ता महत्वपूर्ण पक्ष रहेको छ । आज आएर सबल अध्ययन गर्न नितान्त आवश्यक छ ।

**५ परियत्ति शिक्षालाई सरकारी मान्यता प्राप्त गर्न बौद्धहरूको आवाज कम भएको जस्तो तपाईलाई लाग्दैन ?**

- अवश्य पनि हो । परियत्ति शिक्षालाई सरकारी मान्यता दिन हामी बौद्धहरूले सक्दो किसिमले पहल गर्नुपर्दछ । सबै बौद्ध एकिकृत भई सचेत भएर उत्थान र विस्तारको लागि आवाज उठाउनु पर्दछ ।

**६ हालको धर्म निरपेक्षताको अवस्थामा यस शिक्षालाई अग्रगतितिर लान के गर्न सक्छौं जस्तो लाग्छ ?**

- यस शिक्षालाई अग्रगति दिन तपाई हामी सबै सजग र सचेत भएर आपसी मेलमिलाप राखी एकजुट भएर प्रचारप्रसार अभियानमा जुट्नुपर्छ ।

**७) तपाईले दश वर्षसम्म अध्ययन गर्नुभएको यस परियत्ति शिक्षामा के कस्ता कमजोरी भेटाउनु भएको छ र कस्तो सुधार होस् भन्ने तपाई चाहनुहुन्छ ?**

- कमीकमजोरी रूपमा पाठ्यपुस्तक सुलभ नहुनु र पाठ्यसामाग्रीको उचित परिमार्जन नहुनु हो । गुणस्तर रूपमा पाठ्यक्रम परिमार्जन हुनुपर्छ साथै व्यवस्थित तरिकाले गहन विषयवस्तुको अध्ययन गराउने कमलाई निरन्तरता दिनुपर्छ । समय सापेक्ष अनुरूप परियत्ति शिक्षकशिक्षिका विद्यार्थीबीच भेला भई अन्तरकिया गर्ने सिर्जनात्मक र सकारात्मक कार्यक्रम हुनु आवश्यक छ ।

**८ कोविद पछिको भावी योजना ?**

- भावी योजना भन्नाले अझै पनि धेरै अध्ययन गर्न बाँकि नै छ र अध्ययनलाई निरन्तर रूपमा अगाडी बढाउने । अध्ययन अनुसन्धान गरी सिर्जनात्मक कार्य गर्ने र प्रचारप्रसार कार्यमा लाग्ने । ***

# सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको उपसम्पन्न ५० औं स्वर्णदिवस भव्यताका साथ मनाइयो

चैत्र ३० गते । नेपालमा बुद्धशासनिक कार्यमा पाँच दशक भन्दा लामो समयदेखि निकै सक्रियरहँदै थेरवाद बुद्धधर्मको क्षेत्रमा महत्वपूर्ण योगदान दिँदै आइराख्नुभएका श्रद्धेय भिक्षु ज्ञानपूर्णिक महास्थविरले आफ्नो जीवन बुद्धशासनमा समर्पित गर्नुभएको ५० वर्ष पुगेको उपलक्ष्यमा अखिल नेपाल भिक्षु महासंघको सहकार्यमा भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न स्वर्णदिवस समारोह समितिको आयोजनामा स्वर्ण दिवस समारोह भव्यताका साथ आयोजना गरी मनाइएको छ ।

चैत्र ३ गतेदेखि २९ गतेसम्म संक्षिप्त त्रिपिटक संभायना, ५० जना कुलपुत्रहरूलाई अस्थायी उपसम्पदा प्रव्रज्या, शान्ति सन्देश स्मारिका प्रकाशन, बृहत् परियत्ति सन्निपातको कार्यकमको आयोजना, भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रतिमा स्थापना, उहाँको जीवनीसम्बन्धी विभिन्न पुस्तक, टिसर्ट, सिडी विमोचन जस्ता विविध कार्यकमहरूको आयोजना गरि मनाइएको थियो ।

कार्यकममा त्रिपिटक संभायनाका लागि बौद्ध मित्र राष्ट्रहरु बर्माबाट अभिधज महारथ गुरू सयादो ऊ सासनाभिवंस, सयादो ऊ. सागराभिवंस, गुरुमाँ दो गुणवती, पाल्नुभएको थियो भने थाईल्याण्डबाट भिक्षु फ्रा. राजरत्न रंसी, फ्राखु प्रजक वारायण, फ्राखु एस. प्रयुतज्यूहरु उपस्थित हुनुहुन्थ्यो भने श्रीलंकाबाट भिक्षु कोटुगोड् धम्मावास महाथेर, आदि विशिष्ट अतिथिहरूको समुपस्थितिमा त्रिपिटक संभायन गरिएको थियो । संभायनका लागि आवश्यक भएको पाठ्यसामग्री पनि उक्त समितिबाट नै प्रकाशित गरिएको थियो भने सो पुस्तकको सम्पादन भिक्षु धर्मगुप्त महास्थविरले गर्नुभएको थियो । त्यस्तै भिक्षु बनाउनका लागि आवश्यक रहेको कम्मवाचा ग्रन्थ नेपालभाषामा पनि सोहि अवसरमा सुखी होतु नेपालले प्रकाशित गरेको थियो भने सो पुस्तकको सम्पादन भिक्षु ज्ञानपूर्णिक महास्थविरले गर्नुभएको थियो ।

भिक्षु ज्ञानपूर्णिक महास्थविरको उपसम्पन्न हुनुभएको ५० वर्ष भएको उपलक्ष्यमा उहाँकै गुरू शासन अभिधज महारथ भिक्षु शासनाभिंवस महास्थविरले भिक्षु ज्ञानपूर्णिक महास्थविरको प्रतिमा अनावरण गरि कार्यकमको उद्घाटन गरिएको थियो । साताभरि नै भिक्षु संघबाट बिहान धर्मदेशनाका साथसाथै त्रिपिटक संभायन गरिएको थियो भने साँभ विशिष्ट अतिथिको रूपमा पाल्नुभएका भन्तेज्यू हरुबाट धर्मदेशना गरिएको थियो ।

साताको अन्तिम दिन परियत्ति शिक्षा अध्ययन गर्ने विद्यार्थी, शिक्षक र बौद्ध विद्वानहरुबीच आपसी सहयोग र समभदारीका लागि सो समितिकै व्यवस्थापनमा दोस्रो बृहत् परियत्ति भेलाको आयोजना गरियो । सो बृहत् भेलामा विभिन्न केन्द्रहरुबाट आध्यात्मिक प्रतिभा प्रस्तुती गरियो भने यसका साथै चित्रकला प्रतियोगिता र पुस्तक प्रर्दशनी कार्यकमको पनि आयोजना गरी अन्तिममा भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई महामहिम राष्ट्रपति रामवरण यादवले अभिनन्दन पत्र हस्तान्तरण गर्नुभयो भने उहाँलाई नेपालका विभिन्न ११३ बौद्ध संघसंस्थाले उहाँको योगदानको कदरस्वरूप अभिनन्दन गरिएको थियो ।

त्यस्तै शंखमूलस्थित अन्तर्राष्ट्रिय भावना केन्द्रले उहाँकै निर्देशनमा भिक्षु, श्रामणेर, अनागारिकाहरूका लागि ध्यान शिविर पनि सञ्चालन गरिएको थियो ।

## अनुरोध

आफ्ना बाल-बालिकाहरूलाई बौद्ध परियत्ति शिक्षा पढ्न दिई नैतिकवान् र सच्चरित्रवान् बनाउन सहयोग पुऱ्याऔं ।

## अनुरोध

तपाईको परियत्ति केन्द्रको विविध गतिविधिहरू, परियत्ति शिक्षासँग सम्बन्धित लेख, रचनाहरू सफा र स्पष्ट अक्षरमा परियत्ति सम्पर्क सचिवालयमा पठाई सहयोग गरिदिनुहुन विनम्र अनुरोध गरिन्छ ।

## नेपाल बौद्ध परियत्ति शिक्षाको.......

विद्यार्थीहरूले परीक्षाको लागि आवेदन दिएका थिए । जसमा २७०१ परिक्षार्थीहरु संलग्न भई २,२३२ जना उत्तीर्ण भएका थिए । स्मणिय छ, कि जसमध्ये १७ वटा स्कूलहरु मात्र रहेका छन् ।

परीक्षा संचालनको क्रममा विभिन्न केन्द्रमा सुपरिवेक्षकको लागि भिक्षु, श्रामणेर, अनागारिका तथा विभिन्न बौद्ध संघ-संस्थाहरूबाट सक्रिय सहयोग प्राप्त हुँदै आइराखेको छ । केवल एक परियत्ति केन्द्रबाट मात्र यसको संवर्द्धन र विकास नहुने देखिएकाले विभिन्न बौद्ध संस्थाहरूसँग सम्पर्क बढाई सहयोगका लागि आह्वान गरिदा पनि राम्रै साथ पाएको देखियो ।

शुरूमा प्रारम्भिक प्रथमवर्षदेखि प्रवेश द्वितीय वर्षसम्म मात्र व्यवस्था भएको यस शिक्षा आज आएर अन्तिम परियत्ति सद्धम्म कोविद उपाधि परीक्षासम्म संचालन हुँदै आइरहेको छ । यस वर्षसम्ममा कोविद उत्तीर्ण गर्ने विद्यार्थीहरूको कूल संख्या ५६ पुगिसकेको छ भने सद्धम्म पालक उपाधि उत्तीर्ण गर्ने विद्यार्थीहरूको कूल संख्या २५४ जना पुगेको छ । बु.सं. २५०७ साल सुगतपुर विहार, त्रिशूलीबाट ५/६ विद्यार्थीलाई परियत्ति पढाएर सुरूवात भएको परियत्ति शिक्षामा बु.सं. २५५२ सम्ममा परीक्षामा उत्तीर्ण विद्यार्थीहरूको संख्या २०,८८२ जना पुगिसकेको छ र भविष्यमा अझ संख्या बढ्ने आशा लिन सकिन्छ, यदि यस्तै तरिकाले मेलमिलाप भई अगाडी बढ्ने हो भने ।

उत्तीर्ण विद्यार्थीहरूलाई प्रोत्साहन र सम्मान स्वरूप प्रधान केन्द्र र शाखा केन्द्रहरूमा वर्षेनी दीक्षान्त तथा पुरस्कार वितरण समारोह हुँदै आइरहेको छ । दाताहरूबाट मेडल, नगद र जिन्सी सहयोग पाउँदै आइराखेकोमा दाताद्वय धर्मरत्न शाक्य 'त्रिशूली' र जुजुभाइ तुलाधर, ज्ञानेश्वरले प्रायोजन गरेको १०८ वटा स्वर्णपदक "परियत्ति सद्धम्म कोविद" हरूलाई वि.सं २०६२ सालदेखि प्रदान गरिदै आएकोले विद्यार्थीहरूको मनोबल अझ विकास भएको सुन्नमा आएको छ ।

यस वर्ष सद्धम्मपालक उपाधिदेखि कोविद अन्तिम वर्ष तहसम्म विशेष कक्षा संचालन भएको र यसलाई अझ व्यवस्थित रूपमा निरन्तरता दिँदै जाने सोच राख्नु आवश्यक छ ।

परियत्ति शिक्षाको सुरूवातदेखि हालसम्म विभिन्न शाखा केन्द्रमा अध्ययन, अध्यापन, तालिम, परीक्षा आदिमा संलग्न भएका शिक्षक-शिक्षिका, विद्यार्थीहरु त्यस्तै गरी बौद्ध परियत्ति शिक्षाका विभिन्न समितिमा रही परियत्ति शिक्षाको विकास गर्नको लागि सहयोग पुऱ्याई राख्नुभएका संयोजक र सदस्य महानुभावहरु र आजसम्म परियत्तिको लागि आर्थिक सहयोग, पुस्तक, मेडल र अन्य विभिन्न सामानहरु उपलब्ध गराउनु हुने श्रद्धावान दाताहरूलाई साथै परियत्तिका साधारण, असाधारण, विशिष्ट र अति विशिष्ट सदस्यहरु पनि साधुवादका पात्र रहेका छन् । त्यस्तै कार्यालय सहायकको रूपमा सघाइदिनु हुने वासुदेव देशार, मोनिष वज्राचार्य र हाल कार्यरत मन्दिप महर्जनहरु पनि धन्यवादका पात्र हुनुहुन्छ ।

भिक्षु ज्ञानपूर्णिक महास्थविर उपसम्पन्न सुवर्णदिवस समारोह समितिको व्यवस्थापनमा यस वर्ष मात्र दोस्रो बृहत् परियत्ति भेला सन्निपात आयोजना गरिएको छ र स्मरणिय रहोस् कि पहिलो परियत्ति सन्निपात कीर्तिपुरमा आयोजना गरिएको थियो । नेपाल बौद्ध परियत्ति शिक्षाका सहशिक्षाध्यक्ष गुरूवर भिक्षु ज्ञानपूर्णिक महास्थविरलाई नेपाल बौद्ध परियत्ति शिक्षाको तर्फबाट उहाँको उपसम्पदा स्वर्णदिवसको उपलक्ष्यमा उहाँको शासनिक योगदान अझ बढ्दै जान सकोस् र उहाँको सुस्वास्थ्य र मंगलकामना पनि गर्न चाहन्छु । परियत्ति शिक्षालाई हालको अवस्थासम्म लानमा उहाँको योगदानलाई कहिले पनि बिर्सीन सकिन्न । उहाँको यस कदमको हामी ज्यादै आभारी छौं ।

परियत्ति शिक्षालाई समयसापेक्ष अझ व्यापक गरी लानको लागि तपाईं, हामी सबैको साझा प्रयास र सहयोग अति नै आवश्यकता रहेको छ । ✻ ✻ ✻

**बु.सं. २५५२ (बि.सं. २०६५ साल) माघमा परीक्षा संचालनार्थ विभिन्न केन्द्रको लागि खटिएका सुरिवेक्षकहरु**

| क्र.सं | केन्द्रको नाम | सुपरिवेक्षकको नाम |
|---|---|---|
| १ | शाक्यसिंह विहार, थैना | कृष्णमान शाक्य |
| २ | धर्मकीर्ति विहार, श्रीघः | सरोज मानन्धर |
| ३ | यशोधरा मा.वि., थैना | कमला शाक्य |
| ४ | श्रीकीर्ति विहार, कीर्तिपुर | तेज नारायण मानन्धर |
| ५ | प्रणिधिपूर्ण विहार, बलम्बु | मदन बहादुर तुलाधर |
| ६ | ज्योति विहार, चापागाउँ | रमेश /दिलेन शाक्य |
| ७ | दीपंकर परियत्ति शिक्षालय, नागबहाल | मीम शाक्य |
| ८ | मुनि विहार, भक्तपुर | श्रामणेर अनुत्तरो |
| ९ | परोपकार मा.वि., भीमसेनस्थान | गंगाराम महर्जन |
| १० | विश्व शान्ति विहार, मीनभवन | संगिता धाख्वा/फलसमान शाक्य |
| ११ | वेलुवनाराम विहार, थेचो | निरञ्जन/सुमन/धर्मरत्न शाक्य |
| १२ | बौद्धजन विहार, सुनाकोठी | बाबुरत्न नापित |
| १३ | जगत सुन्दर ब्वनेकुथी, चागल | प्रदीप शाक्य |
| १४ | बोधिचर्या विहार, बनेपा | मनिस महर्जन |
| १५ | ज्ञानज्योति परियत्ति केन्द्र, ठमेल | सुजाता मानन्धर |
| १६ | सुलक्षणकीर्ति विहार, चोभार | हरिगोपाल महर्जन |
| १७ | त्रिरत्नकीर्ति विहर, कीर्तिपुर | हरिकृष्ण महर्जन |
| १८ | कान्ति ईश्वरी मा.वि., प्याफल | कल्याणरत्न शाक्य |
| १९ | अन्तर्राष्ट्रिय बुद्ध प. उदय विहार, बुटवल | विमल बहादुर शाक्य |
| २० | धर्मशिला बुद्ध विहार, पोखरा | भिक्षु आचारो/सुभद्दो |
| २१ | आनन्द विहार, पाल्पा | रत्नमान बज्राचार्य |
| २२ | आनन्दभुवन विहार, स्वयम्भू | विनीता बुद्धाचार्य |
| २३ | बुद्ध देशना अध्ययन समाज, अर्घाखाँची | भिक्षु उदयभद्र / श्रा. यसवन्तो |
| २४ | शान्तिश्री बुद्ध विहार, वामी टक्सार, गुल्मी | गौतम महर्जन |
| २५ | सुगन्ध विहार, रिडी, गुल्मी | कृष्णकाजी महर्जन |
| २६ | जितवन विहार, थानकोट | जुनु वासुकला |
| २७ | बौद्ध शान्ति परियत्ति केन्द्र, बुलु | सजना महर्जन |
| २८ | धापाखेल परियत्ति शिक्षा सदन, धापाखेल | प्रकाश शाक्य |
| २९ | पुण्य उदय विहार प. केन्द्र, हरिसिद्धि | सुनिल/ दीपक महर्जन |

परियत्ति शिक्षाका गतिविधिहरू

## बु. सं. २५५१ वर्षको दीक्षान्त तथा पुरस्कार वितरण समारोह सम्पन्न

बु.सं २५५१ (वि.सं २०६४) सालको नेपाल बौद्ध परियत्ति शिक्षाको परीक्षामा बोर्ड स्थान प्राप्त विद्यार्थीहरूलाई वि.सं.२०६५ साल वैशाख १४ गते शनिबारको दिन श्रीलंकाका महामहिम राजदूत Sumith Nakandala ज्यूको प्रमुख आतिथ्यमा नेपाल बौद्ध परियत्ति शिक्षाको सम्पर्क सचिवालय विश्व शान्ति विहार, मीनभवनमा सम्पन्न भएको छ ।

ने.बौ.प.शि.का सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरज्यूले परियत्तिका उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरूलाई परियत्ति प्रतिज्ञा गर्न लगाउनु भएको थियो । उक्त कार्यक्रममा प्रमुख आतिथि श्रीलंकाका महामहिम राजदूतज्यूले परियत्ति सद्धम्म कोविद र सद्धम्म पालक उपाधि प्राप्त विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण गर्नुभएको थियो ।

## सद्धम्मपालकदेखि कोविदसम्मको कक्षा सञ्चालन

माथिको कक्षास्तरसँगै उचित शिक्षक शिक्षिकाको अभावमा धेरैले चाहेर पनि परीक्षा दिन नसकिरहेको सन्दर्भलाई ध्यानमा राखी परियत्ति शिक्षकशिक्षिका शिक्षण समितिले सद्धम्मपालकदेखि कोविदसम्मको कक्षा सञ्चालन गतवर्ष २०६५ साल श्रावण महिनादेखि पुष महिनासम्म सञ्चालन गरेको थियो । यसले गर्दा परियत्तिका विद्यार्थीहरु धेरै लाभान्वित भएका थिए । सोही कुरालाई ध्यानमा राखी अझ व्यवस्थित ढङ्गले यो वर्ष पनि शिघ्र नै विशेष कक्षा सञ्चालन हुने भएको छ ।

## रिडीमा परियत्ति पुरस्कार वितरण कार्यक्रम सम्पन्न

बु. सं. २५५३ अवसरमा सुगन्ध विहार परियत्ति केन्द्र, रिडी, गुल्मीमा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा बुद्धधर्म संघका अध्यक्ष भूवनमायाज्यूले परियत्ति उत्तीर्ण विद्यार्थीहरूलाई पुरस्कार वितरण गर्नुभएको कुरा सुगन्ध विहार परियत्ति केन्द्रका केन्द्राध्यक्षज्यूले जानकारी दिनुभएको छ ।

## परियत्ति पुरस्कार वितरण कार्यक्रम सम्पन्न

२५५३ औं बुद्ध जयन्तीको अवसरमा वैशाख २६ गते शनिबारका दिन रानीपानी परियत्ति केन्द्र, काभ्रेमा कक्षा १ देखि ६ सम्मका परियत्ति विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ । उक्त कार्यक्रममा विश्व शान्ति विहारको तर्फबाट श्रा. अभयो र श्रा. पमुत्तो संलग्न हुनुभएको थियो । उक्त कार्यक्रम पञ्चशील प्रार्थना, धार्मिक नाटकहरु साथै विविध कार्यक्रमका साथ सम्पन्न भएको थियो ।

## डी. ए. भी. स्कूलमा पुरस्कार वितरण

बुद्ध पूर्णिमाको पावन अवसरमा वि.सं. २०६६ साल वैशाख २५ गते शुक्रबारका दिन डी.ए.भी. स्कूल, जावलाखेलमा परियत्ति अध्ययन गर्ने विद्यार्थीहरूलाई प्रमाण-पत्र तथा पुरस्कार वितरण कार्यक्रम सम्पन्न भएको छ ।

नेपाल पाठ्यक्रम विभागका डिपुटी डाईरेक्टर शम्भु ढकालको प्रमुख आतिथ्य र ने.बौ.प.शि.का सह-शिक्षाध्यक्ष भिक्षु ज्ञानपूर्णिक महास्थविरको विशेष आतिथ्यमा उक्त कार्यक्रम सम्पन्न भएको थियो । सो कार्यक्रममा त्यस केन्द्रबाट परीक्षा दिने ७९३ जनामा प्रथम श्रेणी २२३ जना, २१७ जना द्वितीय श्रेणी र २१३ जना तृतीय श्रेणीमा उत्तीर्ण भएका विद्यार्थीहरूलाई पुरस्कार वितरण गरिएको थियो । कार्यकममा परियत्ति विद्यार्थीहरूले साँस्कृतिक कार्यकमहरु प्रस्तुत गरेका थिए भने विशेष अतिथि भिक्षु ज्ञानपूर्णिक महास्थविरले धर्मदेशना गर्नुभएको थियो ।

## निबन्ध प्रतियोगिता सम्पन्न

२५५२ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा बुद्ध जयन्ति समारोह समिति र अमृतधम्म परियत्ति केन्द्रको संयोजकत्वमा विभिन्न परियत्ति केन्द्रका विद्यार्थीहरुबीच निबन्ध प्रतियोगिता सम्पन्न भएको छ ।

दुई समूहमा आयोजना गरी गरिएको सो प्रतियोतिमा १६ वर्षदेखि २५ वर्ष उमेरसम्म समूहका लागि **बुद्धधर्म** र **विश्व शान्ति** भन्ने शिर्षकमा प्रतियोगिता गरिएको थियो भने यस उमेर समूह प्रतियोगितामा जम्मा ३५ जना विद्यार्थीहरूले प्रतिस्पर्धा गरेका थिए । यस उमेर समूह प्रतियोगितामा यशोधरा परियत्ति केन्द्रका सविता मानन्धर र उपस्सना शाक्य कमशः प्रथम र द्वितीय भएका थिए भने तृतीय जगत् सुन्दर ब्वनेकुथीका सन्तोष महर्जन भएका थिए ।

त्यस्तै अर्को उमेर समूह जसमा ८ देखि १५ वर्षसम्म उमेरसमूह छुट्याइएको थियो । त्यस उमेर समूहका लागि **बुद्धजयन्ती** र **भगवान बुद्ध** गरी दुई वटा विषय दिइएको थियो । यसमा जम्मा ४० जना विद्यार्थीहरूको सहभागिता रहेको थियो । यस प्रतियोगितामा प्रथम स्थान विश्व शान्ति विहार परियत्ति केन्द्रका श्रामणेर उत्तरो भएका थिए भने दोस्रो र तेस्रोमा अमृतधम्म परियत्ति केन्द्रका पवन कँडेल र डी.ए.भी. स्कूलका तुलसा कँडेल तुलसा कँडेल भएका थिए ।

प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय स्थान हासिल गर्न सफल भएका विद्यार्थीहरूलाई अखिल नेपाल भिक्षु महासंघका निवर्तमान अध्यक्ष भिक्षु कुमारकाश्यप महास्थविरले पुरस्कार वितरण गर्नुभएको थियो ।

## आनन्दकुटी विहारमा बाल ध्यान शिविर सम्पन्न

अमृतधम्म परियत्ति केन्द्रको पहलमा आफ्नो केन्द्र अध्ययनरत विद्यार्थीहरूका लागि ध्यान शिविर सञ्चालन गरेको छ ।

परियत्ति शिक्षा अध्ययन गर्ने ८ वर्षदेखि १२ वर्षसम्मका विद्यार्थीहरूका लागि आयोजना गरिएको सो शिविरमा जम्मा १२५ जना विद्यार्थीहरु सहभागिता रहेको थियो । उक्त ध्यान शिविरको सञ्चालन धर्मश्रृङ्ग विपस्सना केन्द्रका सहायक आचार्य मुनिन्द्र वज्राचार्यको आचार्यत्वमा सञ्चालन भएको थियो ।

## बु. सं. २५५२ (वि.सं.२०६५) वर्षको ने. बौ. प. शि.को दीक्षान्त समारोहमा पदक, उपहार तथा नगद पुरस्कारको लागि सहयोग गरिदिनुहुने दाताहरुको नामावली

| क.सं. | विद्यार्थी | केन्द्र | कक्षा | श्रेणी | धर्मरत्न शाक्य र जुजुभाइ तुलाधर | पदक दाता | जितबहादुर वज्राचार्य, पुल्चोक रू.७,४०० | प्रज्ञानन्द स्मृति सिरपाः रू. ३,००० | सानुराजा, शोभा शाक्य,थैना, रू.३,००० | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर रू.३,५०० | धनमाया महर्जन, कीर्तिपुर, रू.२८०० | अ.सुशीला स्मृति सिरपाः (चैत्य) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | अ. खेमा | विश्व शान्ति विहार, मीनभवन | १० | बोर्ड प्रथम | कोविद स्वर्णपदक | आर.वी. वन्द, प्यूका | १,००० | ३०० | | | | कृष्णमान शाक्य, शान्तिनगर |
| २ | अमिर शाक्य | विश्व शान्ति विहार, मीनभवन | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| ३ | ओम प्रकाश रुंगटा | विश्व शान्ति विहार, मीनभवन | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| ४ | रजन शाक्य | दीपङ्कर परियत्ति शिक्षालय,नागबहाल | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| ५ | पुनम वज्राचार्य | दीपङ्कर परियत्ति शिक्षालय,नागबहाल | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| ६ | अ. वजिरा | श्री शाक्यसिंह परियत्ति केन्द्र, थैना | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| ७ | शान्ति महर्जन | श्री शाक्यसिंह परियत्ति केन्द्र, थैना | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| ८ | रस्मि शाक्य | दीपङ्कर परियत्ति शिक्षालय,नागबहाल | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| ९ | मन्दिप महर्जन | श्री शाक्यसिंह परियत्ति केन्द्र, थैना | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| १० | अ. दानवती | धर्मकीर्ति विहार परियत्ति केन्द्र, श्रीघः | | | कोविद स्वर्णपदक | | | ३०० | | | | |
| ११ | भिक्षु अभिजात | विश्व शान्ति विहार, मीनभवन | ७ | बोर्ड प्रथम | | हेरादेवी शाक्य, बौद्ध | ७०० | | | | | |
| १२ | श्यामलाल चित्रकार | धर्मकीर्ति विहार परियत्ति केन्द्र, श्रीघः | ७ | बोर्ड द्वितीय | | प्रेमलाल श्रेष्ठ, नयाँ बानेश्वर | ५०० | | | ५०० | | |
| १३ | श्रामणेर खेम | यशोधरा बौद्ध विद्यालय, थैना | ७ | बोर्ड तृतीय | | अष्टरत्न, रत्नदेवी धाख्वा, शान्तिनगर | ३०० | | | | ४०० | |
| १४ | सविता तुलाधर | धर्मकीर्ति विहार परियत्ति केन्द्र, श्रीघः | ७ | प्रथम | | | | | | | | बुद्धदास शाक्य ग्वार्को |
| १५ | श्रामणेर धम्मघोष | सिद्धिमंगल विहार, ठसि | ६ | बोर्ड प्रथम | | मोतिलाल शिल्पकार, मानभवन | ६०० | | ५०० | | | |
| १६ | गीता महर्जन | सिद्धिमंगल विहार, ठसि | ६ | बोर्ड द्वितीय | | धर्मबहादुर धाख्वा, कृष्णगल्ली | ४०० | | | ५०० | | दानमान शाक्य शान्तिनगर |
| १७ | शिव कुमार राई | नगदेश बुद्ध विहार | ६ | बोर्ड तृतीय | | धनबहादुर नकर्मी, इल्को | २०० | | | | ४०० | |
| १८ | श्रामणेर कविन्दो | विश्व शान्ति विहार | ५ | बोर्ड प्रथम | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर, लाजिम्पाट | ५०० | | ५०० | | | |
| १९ | पदम लिम्बु | नगदेश बुद्ध विहार | ५ | बोर्ड द्वितीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर, लाजिम्पाट | ३०० | | | ५०० | | |
| २० | सानुमाया प्रजापति | नगदेश बुद्ध विहार | ५ | बोर्ड तृतीय | | पञ्चवीरसिंह, पुष्पादेवी तुलाधर, लाजिम्पाट | २०० | | | | ४०० | |
| २१ | श्रामणेर उत्तरो | विश्व शान्ति विहार | ४ | बोर्ड प्रथम | | दुण्डबहादुर वज्राचार्य, वनबहाल | ४०० | | ५०० | | | |
| २२ | शंकर महर्जन | श्री शाक्यसिंह विहार | ४ | बोर्ड द्वितीय | | तारादेवी शाक्य, ओकुबहाल | २०० | | | ५०० | | |
| २३ | श्रामणेर जयन्तो | विश्व शान्ति विहार | ४ | बोर्ड तृतीय | | बाबुकाजी शाक्य, लगनखेल | १०० | | | | ४०० | |
| २४ | अनुराधा वज्राचार्य | आनन्द विहार, पाल्पा तानसेन | ३ | बोर्ड प्रथम | | शकुन्तला प्रधान, ठमेल | ३०० | | ५०० | | | |
| २५ | अभय राज शाक्य | आनन्द विहार, पाल्पा तानसेन | ३ | बोर्ड द्वितीय | | संघरत्न शाक्य, भक्तपुर | १०० | | | ५०० | | |
| २६ | रबिन नापित | नगदेश बुद्ध विहार | ३ | बोर्ड तृतीय | | पन्नादेवी ताम्राकार, चिकंमुगल | १०० | | | | ४०० | |
| २७ | श्रामणेर सद्धियो | विश्व शान्ति विहार | २ | बोर्ड प्रथम | | रुद्रबहादुर खड्गी,चसान | २०० | | ५०० | | | |
| २८ | रीतु शाक्य | अमरापुर विहार, बुंगमति | २ | बोर्ड द्वितीय | | अकिल शोभा मानन्धर, चसान | १०० | | | ५०० | | |
| २९ | श्रामणेर यशवन्तो | विश्व शान्ति विहार | २ | बोर्ड तृतीय | | हेराबहादुर मानन्धरया नामं विनेश मानन्धर,भीमसेनस्थान | १०० | | | | ४०० | |
| ३० | दीपा श्रेष्ठ | सम्यक् शिक्षा स्कूल, धरान | १ | बोर्ड प्रथम | | लक्ष्मी मानन्धर, कालीमाटी | १०० | | ५०० | | | |
| ३१ | प्रतीक शर्मा पौडेल | विश्व शान्ति विहार | १ | बोर्ड द्वितीय | | मैत्री शाक्य, प्रयागपोखरी | १०० | | | ५०० | | |
| ३२ | मन्जु महर्जन | सिद्धिमंगल विहार, थसि | १ | बोर्ड तृतीय | | पूर्णबहादुर मानन्धर,चसान | १०० | | | | ४०० | |

## ब.स. २५५२ (वि.स. २०६५) परीक्षा परिणाम

| सं. | केन्द्रको नाम | आवेदन दिने | परीक्षा दिने | बोर्ड | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी | जम्मा उत्तीर्ण |
|---|---|---|---|---|---|---|---|---|
| १ | शाक्यसिंह विहार ,थैना | १०३ | ८५ | १ | २२ | २३ | २२ | ६८ |
| २ | धर्मकीर्ति विहार ,नघल | ९३ | ७९ | १ | ३५ | २६ | १२ | ७४ |
| ३ | गण महाविहार ,गणबहाल | १५ | १३ | ० | ११ | १ | १ | १३ |
| ४ | यशोधरा मा.वि.,थैना | ६३ | ४६ | १ | २१ | १३ | ९ | ४४ |
| ५ | श्रीकीर्ति विहार ,कीर्तिपुर | ७७ | ५८ | ० | १२ | १७ | २३ | ५२ |
| ६ | प्रणिधिपूर्ण विहार , बलम्बु | ५९ | ४८ | ० | १६ | १६ | १२ | ४४ |
| ७ | ज्योति विहार ,चापागाउँ | १२ | ११ | ० | ९ | १ | १ | ११ |
| ८ | दीपंकर परियत्ति शि ,नागबहाल | ८२ | ७३ | ० | २६ | १८ | १८ | ६२ |
| ९ | मुनि बिहार ,भक्तपुर | ४४ | ४१ | ० | २२ | १२ | ५ | ३९ |
| १० | जितापुर गन्धकुटी विहार,खोना | ३३ | ३१ | ० | १८ | १० | २ | ३० |
| ११ | परोपकार मा.वि.,भीमसेनस्थान | ८३ | ४३ | ० | १७ | १६ | ६ | ३९ |
| १२ | अमरापुर विहार ,बुंगमती | २९ | २९ | १ | २५ | १ | १ | २८ |
| १३ | विश्व शान्ति विहार,मीनभवन | ७९ | ७१ | ८ | ३० | १६ | १० | ६४ |
| १४ | सिद्धिमंगल विहार, ठसि | ४० | ३३ | ३ | २४ | ५ | १ | ३३ |
| १५ | वेलुवनाराम विहार,थेचो | २९ | १९ | ० | ३ | ९ | ३ | १५ |
| १६ | बौद्धजन विहार, सुनाकोठी | २३ | २१ | ० | ५ | ८ | २ | १५ |
| १७ | आनन्दकुटी विहार, स्वयम्भू | ३५ | १७ | ० | १५ | ० | २ | १७ |
| १८ | लुम्बिनी परियत्ति केन्द,लुम्बिनी | ६१ | ५६ | ० | १६ | १४ | १७ | ४७ |
| १९ | जगत सुन्दर ब्वनेकुथी,चागः | ४४ | ३७ | ० | ७ | १२ | १२ | ३१ |
| २० | बोधिचर्या विहार,बनेपा | ३२ | २० | ० | ८ | ४ | ३ | १५ |
| २१ | सुवर्ण छत्रपुर विहार,लुभु | १८ | १७ | ० | ६ | ५ | २ | १३ |
| २२ | ज्ञानज्योति परियत्ति केन्द, ठमेल | २६ | २० | ० | ५ | ४ | ८ | १७ |
| २३ | सुलक्षणकीर्ति विहार,चोभार | २४ | १३ | ० | ७ | ५ | १ | १३ |
| २४ | त्रिरत्नकीर्ति विहार, कीर्तिपुर | ३५ | २९ | ० | १० | १४ | ३ | २७ |
| २५ | रानीपानी ग्रामसेवा केन्द्र | ३२ | २५ | ० | १० | ३ | ११ | २४ |
| २६ | कान्ति ईश्वरी मा.बि,प्याफल. | २३ | १४ | ० | ९ | २ | ३ | १४ |
| २७ | यशोधरा बौद्ध विहार, झापा | ४ | २ | ० | ० | ० | ० | ० |
| २८ | शान्ति वन,गोदावरी | ५ | ५ | ० | ० | १ | १ | २ |
| २९ | बुद्धभूमि बौद्ध परियत्ति, टोखा | २९ | २४ | ० | १२ | ६ | १ | १९ |
| ३० | नगदेश बुद्ध विहार, नगदेश | ५३ | ४७ | ४ | ३५ | ७ | ० | ४६ |
| ३१ | आनन्दकुटी विद्यापीठ,स्वयम्भू | २६ | १६ | ० | १ | ५ | ७ | १३ |
| ३२ | अन्तराष्ट्रिय बु. प. उदय विहार,बुटवल | ५५ | ४५ | ० | १३ | १६ | १२ | ४१ |
| ३३ | धर्मशिला बुद्ध विहार, पोखरा | ३३ | २४ | ० | १२ | ४ | ६ | २२ |
| ३४ | आनन्द विहार,पाल्पा | ४४ | ३५ | २ | १२ | ८ | ७ | २९ |
| ३५ | सुगतपुर विहार,त्रिशूली | ८ | ४ | ० | २ | २ | ० | ४ |
| ३६ | माझखण्ड बुद्ध विहार,माझखण्ड | ६४ | ६४ | ० | १६ | २३ | २० | ५९ |
| ३७ | आनन्दभूवन विहार , स्वयम्भू | २१ | १७ | ० | १२ | ४ | १ | १७ |
| ३८ | बुद्ध देशना अध्ययन समाज, अर्घाखांची | ३२ | २४ | ० | ९ | ६ | ५ | २० |
| ३९ | शान्तिश्री बुद्ध विहार,वामी टक्सार,गुल्मी | २१ | १५ | ० | १ | ४ | ० | ५ |
| ४० | सुगन्ध विहार, रिडी, गुल्मी | २२ | २० | ० | ४ | ३ | ९ | १६ |
| ४१ | धर्मकीर्ति बसुन्धरा प. के., बसुन्धरा | १४ | १० | ० | ९ | १ | ० | १० |
| ४२ | जीतवन विहार प. के., थानकोट | २७ | २२ | ० | २० | ० | २ | २२ |
| ४३ | सम्यक् शिक्षा स्कूल, धरान | ३१ | ३१ | १ | ९ | ४ | १६ | ३० |
| ४४ | बौद्ध शान्ति परियत्ति केन्द्र ,बुलु | २६ | २१ | ० | १६ | ३ | १ | २० |
| ४५ | मातातीर्थ बौद्ध परियत्ति केन्द्र, मातातीर्थ | .२७ | २५ | ० | १८ | ६ | १ | २५ |
| ४६ | धापाखेल परियत्ति शिक्षा सदन, धापाखेल | २९ | १८ | ० | ९ | १ | २ | १२ |
| ४७ | पुण्य उदय परियत्ति केन्द्र, हरिसिद्धि | २३ | २१ | ० | ११ | ५ | ३ | १९ |
| | जम्मा | १७८८ | १४३९ | २२ | ६१० | ३६४ | २८४ | १२८० |
| | **प्राइभेट** | | | | | | | |
| १ | आदर्श सरल मा.वि ,नागबहाल | ६७ | ६७ | ० | २२ | ६ | २३ | ५१ |
| २ | यशोधरा मा.वि.,थैना | ९७ | ९७ | ० | ५९ | २८ | १० | ९७ |
| ३ | डि.ए.भि.स्कल, जावलाखेल | ८१२ | ७९३ | ० | २२३ | २१७ | २१३ | ६५३ |
| ४ | आकति इ.से.बो. स्कल, कोटेश्वर | १७ | १७ | ० | १३ | ४ | ० | १७ |
| ५ | सधम्माराम विहार, कोबहाल | १६ | १६ | ० | ६ | १० | ० | १६ |
| ६ | भास्सरा मा वि.,पर्णचण्डी | ८० | ८० | ० | ३० | २६ | २० | ७६ |
| ७ | लम्बिनी परियत्ति केन्द,लम्बिनी | ८० | ८० | ० | २५ | २४ | ३१ | ८० |
| ८ | तौलेश्वर संस्कत मा.वि.,तौलिहवा,कपिलवस्त | ५९ | ५९ | ० | १० | १२ | २० | ४२ |
| ९ | कन्या मन्दिर उच्च मा.वि, न्ह्योखा | ५३ | ५३ | ० | २१ | ९ | १२ | ४२ |
| | जम्मा | १२८१ | १२६२ | ० | ४०९ | ३३६ | ३२९ | १०७४ |
| | | ३०६९ | २७०१ | २२ | १०१९ | ७०० | ६१३ | २३५४ |

# "अखिल नेपाल भिक्षु महासंघद्वारा संचालित"
# नेपाल बौद्ध परियत्ति शिक्षा

बु.सं.२५५३ (बि.सं. २०६६)

## परीक्षा तालिका

समय : बिहानको ७:३०-१०:३० बजेसम्म

| कक्षा | माघ ९ गते शनिबार | माघ ११ गते सोमबार | माघ १३ गते बुधबार | माघ १५ गते शुक्रबार |
|---|---|---|---|---|
| १. प्रारम्भिक प्रथम वर्ष | प्रथम पत्र | | | |
| २. प्रारम्भिक द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ३. प्रारम्भिक तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | | |
| ४. प्रवेश प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ५. प्रवेश द्वितीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | |
| ६. प्रवेश तृतीय वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र |

माघ/फागुन

| कक्षा | १६ गते शनि | १९ गते मंगल | २२ गते शुक्र | २५ गते सोम | २८ गते बिही | २ गते आइत |
|---|---|---|---|---|---|---|
| १. उपाधि परीक्षा | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | |
| २. कोविद प्रथम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| ३. कोविद मध्यम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |
| ४. कोविद अन्तिम वर्ष | प्रथम पत्र | द्वितीय पत्र | तृतीय पत्र | चतुर्थ पत्र | पञ्चम पत्र | षष्टम पत्र |

### परीक्षा सम्बन्धी अन्य जानकारीहरू :-

❋ परीक्षा प्रवेश शुल्क

(क) प्रा.प्र.वर्ष (कक्षा १) देखि प्र.तृतीय वर्षसम्म प्रतिपत्रको रू.२०/-

(ख) सद्धम्मपालक उपाधि – कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म प्रतिपत्रको रू.३०/-, प्रति फाराम रु. २/-

❋ परीक्षाको आवेदन फाराम वितरण – वि.सं.२०६६ कार्तिक १ गते आइतबार ।

❋ आवेदन फाराम बुझाइसक्नुपर्ने – २०६६ मंसिर मसान्तसम्म ।

❋ ढिलो दस्तुर सहित आवेदन फाराम बुझाउन अन्तिम मिति – २०६६ पुष ५ गते आइतबार ।

❋ प्रवेश-पत्र (अधकट्टी) वितरण – २०६६ पुष १० गते शुक्रबार ।

❋ परीक्षार्थी नामावली र प्रवेश-पत्रमा त्रुटी सच्याई सक्नुपर्ने – २०६६ पुष १९ गते आइतबार ।

❋ २०६६ चैत्र १ गते आइतबार सन्ध्या टाइम्स् दैनिकमा नतिजा प्रकाशन गर्ने ।

❋ दी क्षान्त समारोह २०६६ चैत्र २८ गते शनिवार ।

❋ परीक्षा माध्यम – नेपालभाषा, नेपाली र अँग्रेजी

❋ मौखिक परीक्षा व्यवस्था – प्रारम्भिक तृतीय वर्ष (कक्षा ३) सम्म ।

❋ सद्धम्मपालक उपाधि (कक्षा ७) देखि कोविद अन्तिम वर्ष (कक्षा १०) सम्म ऐच्छिक विषय – पाली भाषा/अभिधर्म

### प्राइभेट परीक्षा सम्बन्धी जानकारी

विशेष व्यवस्था भएको अनुसार पूर्व स्वीकति बमोजिम प.स.पा. को प्रारम्भिक प्रथम वर्ष र प्रारम्भिक द्वितीय वर्षको परीक्षा आ-आफ्नो केन्द्रमा परीक्षा लिने, अनि परीक्षा फल मात्र केन्द्रीय कार्यालयमा पठाउने गरी परीक्षा लिन सकिनेछ ।

ढिलो दस्तुर प्रतिदिन रु. २ का दरले लिइनेछ । पुष ५ गते भन्दा पछि आएको आवेदन कडाइका साथ कुनै पनि हालमा स्वीकार्य हुने छैन ।